

# ८ आँधीबेहरीले छचल्किएको समुद्रदेखि स्वर्गको बादलहरुसम्म

*यस अध्यायका मूल पदहरू:* दानिएल ७, २ थेस्सोलिनिकी २:१-१२, रोमी ८:१, मर्कूस १३:२६, लूका ९:२६, १२:८ र १ तिमोथी २:५।

*यस अध्यायको मूल सार पद:* **"तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र सन्त जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको सेवा आराधना र आज्ञापालन गर्नेछन्।" ( दानिएल ७:२७)।**

यस अध्यायको मूल विषयबस्तु दानिएलले देखेका स्वप्नदर्शन हो जुन दानिएल ७मा उल्लेख गरिएको छ। यो स्वप्न दर्शन दानिएल २कै जस्तै समान विषय हो। तर दानिएल २मा प्रकट गरिएको स्वप्न दर्शनलाई दानिएल ७मा अझ बढाएर देखाइएको छ। पहिलो त दानिएलले स्वप्नदर्शन रातमा देख्छन्। त्यसबेला दर्शनमा उनले समुद्र देख्छन्। त्यो समुद्रलाई चारवटा आँधीले हल्लाइ रहेको थियो। अन्धकार र पानीले सारा सृष्टि पिरोली रहेको थियो। त्यस बेला सारा सृष्टि तहसनहस भएको वा आक्रमणमा परे जस्तै देखिन्थ्यो। दोस्रो, दानिएलले देखेको स्वप्नदर्शनमा ती पशुहरू देखेका थिए जुन अशुद्ध र हाइब्रिड वा मिश्रित जीव भएका पशुहरू थिए। यो सृष्टिको नियमबिपरीत थियो। तेस्रोमा पशुहरूले आफ्नो बल देखाएर अरूलाई नियन्त्रण गर्न खोजेको चित्रण गरिएको छ। सृष्टिमा परमेश्वरले आदमलाई अदनको बगैंचामा सृष्टिमाथि अधिकार जमाउन दिनुभएको थियो तर ती शक्तिहरूले त्यस अधिकारलाई खोसेको देखाइएको थियो। चौथोमा मानिसको पुत्रको आगमनले त्यो सृष्टिलाई नियन्त्रण गर्ने अधिकार जसको हातमा हुनुपर्ने हो फेरि फिर्ता

दिइएको थियो। आदमले बगैंचामा गुमाएको थोक मानिसको पुत्रले स्वर्गमा गरिएको न्यायद्वारा फिर्ता लिनुभएको थियो।

माथि गरिएको वर्णन बाइबलले देखाएको काल्पनिक परिदृष्य वा पानोरामा हुन्। दानिएलले देखेका अत्यन्तै प्रभावकारी प्रतीकहरू उनको स्वप्नदर्शनको पृष्ठभूमि थियो। ती सबै दर्शनहरूको अर्थ सर्वसाधारणले नबुझ्लान् तर भाग्यवस कतिपय निर्णायक स्वप्नदर्शनका विस्तृतविवरण स्वर्गदूतले व्याख्या गरेका थिए। त्यसले गर्दा अचम्मको भविष्यवाणीको मूलभूत विषयहरूको अर्थ हामी बुझ्न सक्दछौं।

## १. चार पशुहरू

दानिएल ७ पढ्नुहोस्। त्यसमा के मूल विषयबस्तु दानिएललाई देखाइएको छ? उनले देखेका स्वप्नदर्शन केको बारेमा छ? हेर्नुहोस् "१ बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार लेखे। २ दानिएलले भने, "मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए। ३ एक-अर्काबाट फरक चार ठूला पशुहरू समुद्रबाट निस्के। ४ "पहिलोचाहिँ सिंहजस्तै थियो, र त्यसका पखेटाहरू चीलका जस्तै थिए। त्यसका पखेटाहरू नचुँड़ाएसम्म मैले हेरिरहें, र त्यो मानिसजस्तै दुई खुट्टाले उभिने गरी जमिनबाट उठ्यो र त्यसलाई एउटा मानिसको हृदय दिइयो। ५ "अनि मेरो अगि दोस्रो पशु थियो, जुनचाहिँ भालूजस्तै देखिन्थ्यो। त्यसलाई शरीरको एकपट्टिबाट उठाइयो, र त्यसका मुखका दाँतहरूका बीचमा तीन वटा करङहरू थिए। त्यसलाई यस्तो आज्ञा दिइयोः 'उठ् र खानसक्ने जत्ति मासु खा!' ६ "त्यसपछि मैले हेरें, र त्यहाँ मेरो अगि अर्को पशु थियो, जुनचाहिँ चितुवाजस्तै देखिन्थ्यो। अनि त्यसको पिठिउँमा चराको जस्तै चार वटा पखेटाहरू थिए। त्यस पशुका चार वटा टाउकाहरू थिए, र त्यसलाई शासन गर्ने अधिकार दिइयो। ७ "त्यसपछि राती दर्शनमा मैले देखें र मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका पशुहरूभन्दा त्यो फरक थियो र त्यसका दश वटा सीङहरू थिए। ८ "जसै म ती सीङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सिङ थियो, जुनचाहिँ

तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सिङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सिङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। ९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १०
उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।
११ "तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा नफ्याँकिएसम्म मैले हेर्दैरहें। १२ अरू पशुहरूको अधिकार खोसिएको थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। १३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन। १५ "म, दानिएल, आत्मामा बेचैन भएँ, र मैले पाएका दर्शनहरूले मलाई विचलित तुल्याए। १६ त्यहाँ उभिएकाहरूमध्ये एक जनाकहाँ म गएँ र यी सबै कुराको सत्य अर्थ बताउन अनुरोध गरें। "यसकारण उनले मलाई यी कुराको अर्थ बताइदिएः १७ 'चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू हुन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'। १९ "तब मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो– त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पाऱ्यो। २० मैले त्यसको टाउकोमा भएका दश सीङका बारेमा र त्यहाँबाट निस्केको अर्को सीङको बारेमा पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सीङ झरे– त्यो सीङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख

**थिए। २१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सीङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्। २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्। २८ "कुराको अन्त यही हो। म, दानिएल, मेरा विचारहरूले गर्दा अत्यन्तै बेचैन भएँ, र मेरो अनुहार पहेंलो भयो, तर मैले यो कुरा आफ्नो मनैमा राखें।"**

दानिएलले स्वप्नदर्शनमा देखेका डरलाग्दा पशुहरू राजा नबूकदनेसरले देखेका मूर्तिमा भएका भागहरू जस्तै थिए। प्रत्येक पशुले विश्वको इतिहासमा रजाइँ गर्ने राज्यशक्तिलाई देखाएको कारणले त्यो स्वप्नदर्शन अझ विस्तृत विवरणमा दिइएको थियो। सनातन सृष्टिकर्ता परमेश्वरलाई नमान्ने राष्ट्रहरूको राज्यशक्तिलाई औंल्याएका जीवहरू घतलाग्दा थिए। ती सबै पशुहरू बाइबलमा भनिए अनुसार अशुद्ध थिए। तर चौथौं पशु बाहेक दानिएलले बयान गरेका अरू पशुहरूका अनुहारहरू मानिसले थाहा पाएकै जनावरहरू जस्तै थिए। त्यसकारण ती पशुहरू जथाभावीरूपमा प्रस्तुत गरिएका प्रतीकहरू होइनन्। प्रत्येक पशुले साम्राज्यको कुनै कुनै पक्षलाई प्रतिनिधित्व गर्दछन् अर्थात् औंल्याउँछन्।

*सिंह:* बेबिलोन राज्यलाई सिंहको प्रतीकद्वारा औंल्याइएको कुरा अत्यन्तै उपयुक्त छ। बेबिलोन वा आधुनिक इराकका दरवारहरू र पर्खालका भित्ताहरूमा पखेटा भएका सिंहहरूको चित्रले सजिएका थिए। पखेटा भएका सिंह र अरू चित्र बेबिलोनका प्रख्यात चित्रकलाहरू थिए। दानिएललाई

स्वप्नदर्शनमा देखाइएका सिंहका पखेटाहरू बिस्तारै चुँडाइका थिए। अनि त्यो सिंह मानिस जस्तै ठिङ्ग उभियो जसलाई मानिसको हृदय दिइएको थियो।र त्यसले विभिन्न राजाहरूले शासन गरेको बेबिलोनको साम्राज्यलाई देखाउँछ।

*भालुः* भालुले मिडपर्सिया राज्यलाई औंल्याउँछ। त्यो भालुको शरीर एकभन्दा अर्को भाग ठूलो देखाइएको छ। त्यसले मिड राज्य भन्दा पर्सिया राज्य शक्तिशाली भएको देखाउँछ। त्यस भालुका दाँतहरूबाट तिन वटा करङ्गहरू देखाइनुको अर्थ मिडपर्सिया राज्यले जितेको तिनवटा मुख्य राष्ट्रहरूलाई देखाउँछः लिड्डा, बेबिलोन र इजिप्ट अर्थात् मिश्रदेश।

*चितुवाः* अनि चराजस्तो छिटो उड्ने पखेटा दिइएको चितुवाले अलेक्जेण्डर महानको ग्रीक साम्राज्यलाई इङ्गित गर्दछ। पशुमा भएको चारवटा पखेटाले यो देखाउँदछ कि केही वर्षभित्र अलेक्जेन्डरले त्यस समयको संसारका राष्ट्रहरुमाथि आफ्नो नेतृत्वको सैनिकहरूले आक्रमण गरेर प्रभुत्व जमाउनेछन्। *भयानक डरलाग्दो पशुः* अरू पशुहरूले प्रतिनिधित्व गरेका राष्ट्रहरू ती पशुहरूको स्वभावसँगै मिल्दछन् तर यो चौथो पशुचाहीं अरूभन्दा अत्यन्तै फरक थियो। पहिलाका पशुहरू सिंह, भालु र चितुवा जस्तै थिए भने यो चौथो पशुलाईचाहिँ अत्यन्तै फरक ढङ्गले प्रस्तुत गरिएको थियो। त्यो दससिङ्गे पशु पहिलाको भन्दा निष्ठुर, हिंस्रक र आतङ्क मच्चाउने खालको थियो। त्यसले सनातन परमेश्वरलाई नमान्ने रोमी साम्राज्यलाई औंल्याउँदछ। त्यस रोमी साम्राज्यले त्यसबेलाको विश्वलाई आफ्नो खुट्टाले थिचोमिचो गरेर निर्दयीताकासाथ शासन गरेको थियो।

बाइबलमा लेखिएका वा भविष्यवाणी गरे अनुसार विश्व साम्राज्यहरूको उदय र पतन भयो। त्यस बेला पनि मानिसहरूमा अत्याचार, आतङ्क, बेचैनी र अशान्तिका तत्वहरू थिए। त्यहाँ अराजकता र राष्ट्रहरू लथालिङ्ग नै थिए तरपनि ती राष्ट्रहरुमाथि परमेश्वरको प्रभुत्व कायमै थियो। त्यसबेलाको संसार र अहिलेको संसारमा खास भिन्नता नभएतापनि परमेश्वरले राज गरिरहनुभएको छ भन्ने आत्मज्ञानले हामीलाई कसरी सान्त्वना मिल्दछ? इतिहासमा देखाइएका राष्ट्रहरूको विगिविगि बाइबलीय भविष्यवाणी अनुसार नै भएको थियो भनेर प्रमाणित गरिएको परिप्रेक्ष्यमा बाइबल भरोसायोग्य छ भनेर हामीले कसरी सिक्ने?

## २. सानो सिङ

चौथो पशुको शिरबाट सिधै निस्किएको शक्तिशाली सानो सिङ के थियो र त्यस पशुको एक भाग भएर त्यो कसरी उभियो? हेर्नुहोस् दानिएल ७:७,८, १९-२५ "७ "त्यसपछि राती दर्शनमा मैले देखें र मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका पशुहरूभन्दा त्यो फरक थियो र त्यसका दश वटा सिङहरू थिए। ८ "जसै म ती सिङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सिङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सिङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सिङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो।... १९ "तब मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो– त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पा-यो। २० मैले त्यसको टाउकोमा भएका दश सिङका बारेमा र त्यहाँबाट निस्केको अर्को सिङको बारेमा पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सिङ झरे– त्यो सिङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख थिए। २१ जसै मैले हेरें, त्यो सिङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी बताएः 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सिङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्ने प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।"

दश वटा सिङ भएको भयङ्कर डरलाग्दो र अत्यन्तै निर्दयी जङ्गली पशुले मूर्तिपूजा गर्ने र परमेश्वरको अस्तित्वलाई स्वीकार नगर्ने पश्चिमी देश

रोमलाई औंल्याउँछ भनेर हामीले अघिल्लो पाठमा हेऱ्यौं। अब हामीले सानो सिङ र यसको शक्तिलाई औंल्याउने विषयलाई सोच्नुपर्छ। चौथो पशुको दशवटा सिङहरू थिए भनेर दानिएलले स्वप्नदर्शनमा देखेका थिए। ती दशवटा सिङहरूबाट तीनवटा सिङहरूलाई उखेलिएको थियो ताकि सानो सिङको निम्ति ठाउँ बनोस्। त्यो सानो सिङको आँखाहरू मानिसका जस्ता थिए र त्यसको मुखबाट बडो ठूला ठूला र अहङ्कारी शब्दहरू निकालिरहेको थियो (दानिएल ७:८)। त्यो सानो सिङ भयानक र निर्दयी पशुले प्रतिनिधित्व गरेको तत्वबाट निस्केको थियो। त्यो पशुले मूर्तिपूजा गर्ने, अनिश्वरवादी वा परमप्रभु परमेश्वरको उपासना नगर्ने पाश्चात्य रोमलाई औंल्याउँछ। त्यो सिङ ठूलो हुन्छ र त्यसले अनिश्वरवादी रोमको केही चरित्रहरूलाई निरन्तरता दिएको हुन्छ। पछि रोमकै राज्यशक्तिबाट उनलाई शक्तिसम्पन्न गराइन्छ।

अब त्यो सानो सिङ अत्यन्तै शक्तिशाली भएर परमेश्वरका सन्तजनहरूको बिरुद्धमा आक्रमण गरेको दानिएलले देख्दछन्। त्यो सानो सिङ राजा हो जसले तीन थोक अवैध वा परमेश्वरसम्मत काम गर्ने छैन भनेर स्वर्गदूतले दानिएललाई बुझाउँदछन्: (१) सर्वोच्च परमेश्वरको विरुद्धमा हवाला दिने वा अहङ्कारी वचनहरू बोल्नेछ, (२) सर्वोच्च परमेश्वरका सन्तहरूलाई सताउँनेछ, (३) समय र व्यवस्थालाई परिवर्तन गर्न खोज्दछ। त्यो सानो सिङको क्रियाकलाप हुने समय स्वर्गदूतले बताउँछन्: *एक समय र समयहरू र आधी समय*। जब समय वा दिन भनेर अगमवाणीमा तोकिन्छ त्यसले एक वर्ष भन्ने जनाउँछ। त्यसको अर्थ अब समयको अर्थ एक वर्ष, समयहरू दुई वर्ष र आधी समयको अर्थ आधा वर्ष (गन्ती १४:३४, इजकिएल ४:६)। त्यो भविष्यवाणीको अवधि तीन वर्ष छ महिना हो। एक दिन बराबर एक वर्ष, दुई दिनको अर्थ दुई वर्ष र आधिको अर्थ आधा वर्ष। वर्षमा बाऱ्ह महिना हुन्छन्। पौराणिक समयमा एक महिनामा ३० दिनको हिसाबले गनिन्छ। अर्थात् भविष्यवाणीको अवधि जम्मा ४२ महिना वा १२६० दिन वा वर्ष भन्ने जनाउँछ। यी समयमा सानो सिङले परमेश्वरको विरुद्धमा आक्रमण गरिनेछ, उहाँका जनहरूलाई सताइनेछ र परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्न खोज्नेछ।

**२ थेस्सोलिनिकी २:१-१२मा पापको मानिसको बारेमा बताउँछ। त्यसको चरित्र र सानो सिङको चरित्र कसरी मिल्दछ? कुन शक्तिको बारेमा त्यहाँ चर्चा गरिरहेको हामी पाउँछौं र किन? मूर्तीपूजा गर्ने रोमको शक्तिबाट**

उब्जिएको शक्ति कुन शक्ति हो जुन् रोमको राजनैतिक शक्ति पतित भएतापनि आत्मिक शक्तिको अस्तित्व कायम भइरहेको छ र त्यो शक्ति रोमबाट फैलिएर युगको अन्तसम्म प्रभाव पारिरहनेछ। आज पनि केवल त्यो एकमात्र शक्ति वा धार्मिक शक्ति के हो जसलाई सारा संसारले धार्मिक अगुवाको रूपमा हेरिरहेको छ? हेर्नोस् पावलले के भन्दछन् "१ भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, २ कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँड़ै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ। ३ कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्। किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन। ४ त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ। ५ के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? ६ त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ। ७ किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। ८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।

## ३. अदालत बस्दछ

चारवटा पशुहरू र सानो सिङको क्रियाकलापपछि आफ्नो स्वप्नदर्शनमा अगमवक्ता दानिएलले स्वर्गमा अदालत बसेको देख्दछन् (दानिएल ७:९,१०,१३,१४)। जब अदालत बस्दछ तब सिंहासनहरू आआफ्नो ठाउँमा

राखिन्छन् र अति प्राचीन आफ्नो सिंहासनमा बिराजमान हुन जानुहुन्छ। उक्त अति प्राचीन वा परमपिता परमेश्वरको सामु रहेर स्वर्गका हजारौं हजार जीवहरूले उहाँको सेवा गर्दछन्।

त्यो अदालत सानो सिङको क्रियाकलापपछि (सन् ५३८-१७९८) बसेको वा १२६०को भविष्यवाणीको वर्षपछि बसेको देखाउँछ। परमेश्वरको अन्तिम राज्य स्थापना गर्नुभन्दा पहिले दानिएलले तीन पल्ट क्रमिकरूपमा दर्शन देख्दछन्: सानो सिङको समय वा अवस्था (सन् ५३८-१७९८सम्म उसको बिगबिगी), स्वर्गमा गरिने न्यायिक फैसला, र परमेश्वरको अनन्तको राज्य।

**स्वर्गमा परमेश्वरले गर्नुभएको फैसलाले परमेश्वरका जनहरूलाई कुनकुन तरिकालले फाइदा हुन्छ? हेर्नुहोस् दानिएल ७:१३-१४, २२,२६-२७ "१३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।...२१ जसै मैले हेरें, त्यो सिङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे।... २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्।"**

मन्दिर र परमेश्वरको पवित्र स्थानबाट गरिने धेरै न्यायको क्रियाकलापहरू पुरानो करारमा लेखिएको छ तर यहाँ दानिएलले देखेको न्यायीक अदालत फरक छ। यो जगतव्यापी न्याय हो जसले सानो सिङलाईमात्र होइन सर्वोच्च परमेश्वरका सन्तहरूलाई असर पार्दछ, जसले परमेश्वरको राज्य पाउनेछन्।

दानिएल ७अध्यायले स्वर्गमा बसेको न्यायीक अदालतको सुरु र अन्त्यको बारेमा विस्तृत जानकारी दिएको छैन। तर सानो सिङले परमेश्वर र उहाँका जनहरूको बिरूद्धमा आक्रमण गरेसँगै अदालत बस्ने कुराको आभास् भने दिएको पाइन्छ।साथै उक्त विषयले सारा जगतलाई असर पार्ने न्यायीक अदालत बस्ने समय सुरुभएको कुरालाई जोड दिएको हामी पाउँछौं। पछि हामी हेर्नेछौं कि न्याय हुने समयको सुरु र त्यो न्याय स्वर्गमा रहेको पवित्र मन्दिरको शुद्धीकरणसँगै सम्बन्धित रहेको देखाउँछ। यसलाई स्वर्गमा गरिने प्रायश्चितको दिन भनेर भन्न सकिन्छ। हामीले सिक्नुपर्ने पाठ त यो हो कि येशू ख्रीष्ट यस संसारमा आउनुभन्दा अघि स्वर्गमा परमेश्वरका जनहरूको न्याय तिनीहरूको पक्षमा हुनेछ (दानिएल ७:२२)।

**जुन काम येशूले क्रुसमा सम्पन्न गर्नुभयो त्यस कामले न्यायको दिनमा उहाँ हाम्रो पक्षमा हुनुहुनेछ भनेर हामीलाई कसरी आस्वस्त पार्नुभएको छ? क्रुस बिना हाम्रो आशा केहि रहला र? हेर्नुहोस् रोमी ८:१ "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।"**

## ४. मानिसको पुत्रको आगमन

**दानिएल ७:१३मा दानिएलको स्वप्नदर्शनमा उनले मानिसको पुत्रलाई देखेको विषय यसरी लेखिएको छ "“राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो।" त्यो मानिसको पुत्र को हो र उनको पहिचान कसरी गरियो? हेर्नहोस् मर्कूस १३:२६ "अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्।", मत्ती ८:२० "येशूले तिनलाई भन्नुभयो, “स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड़ हुन्छन्, तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन।”, मत्ती ९:६ " मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक।”, लूका ९:२६ "कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।" र लूका १२:८-१० "८ “म तिमीहरूलाई भन्दछु, हरेक जसले मलाई मानिसहरूका सामुन्ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरूका सामुन्ने स्वीकार गर्नेछ। ९ तर जसले मलाई**

**मानिसहरूका सामुन्ने अस्वीकार गर्दछ, परमेश्वरका दूतहरूका सामुन्ने त्यो पनि अस्वीकृत हुनेछ। १० हरेक जसले मानिसको पुत्रको विरुद्धमा बोल्छ, त्यसलाई क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा निन्दा गर्दछ, त्यसलाई क्षमा हुनेछैन।"**

जब स्वर्गमा अदालत बस्नेछ र परमेश्वर पिताले न्यायको आशन ग्रहण गर्नुहुनेछ तब एक जना अत्यन्तै महत्त्वपूर्ण व्यक्ति त्यस दृश्यमा देखा पर्नुहुनेछ। उहाँ मानिसको पुत्र हुनुहुनेछ। खास उहाँ प्रथमतः मानिसको पुत्र स्वर्गको जीवको रूपमा देखा पर्नुहुनेछ। उहाँलाई सम्बोधन गरिए अनुसार उहाँमा मानिसको चरित्र वा स्वभाव देखिनेछ। अर्को अर्थमा भन्ने हो भने उहाँ ईश्वरीय-मानव हुनुहुन्थ्यो जसले न्यायको समयमा सक्रिय भूमिका खेल्नुहुनेछ। दोस्रोः मानिसको पुत्र स्वर्गको बादलहरूबाट आउनुहुनेछ। नयाँ करारमा येशूको दोस्रो आगमनलाई व्याख्या गर्न मानिसको पुत्र स्वर्गको बादलहरूबाट आउनुहुनेछ भनेर धेरै ठाउँहरूमा चित्रण गरिएको छ। तर दानिएल ७:१३मा उल्लेख गरिएको मानिसको पुत्र स्वर्गबाट तल पृथ्वीमा आउने भनेर चित्रण गरिएको छैन। तर स्वर्गको अदालतमा उहाँको आगमन समान क्षितिजबाट हुन्छ अर्थात् उहाँ अति प्राचीनकहाँ देखा पर्ने बेलामा माथिबाट तल नभएर उहाँ त्यस अदालत दृश्यको तेर्सो स्थानबाट आउनुहुन्छ। तेस्रो, मानिसको पुत्र स्वर्गका बादलहरूबाट आउने भनेर गरिएको चित्रणले हाम्रो प्रभुको आगमन प्रत्यक्ष्यरूपमा सबैले देख्ने गरेर हुनेछ भन्ने बुझिन्छ। तर यो चित्रणले पृथ्वीमा भएको पवित्र मन्दिरमा प्रायश्चित वा क्षमापूजाको दिनमा मूल पूजारी महापवित्र स्थानमा धूपको धुवाँहरूले घेरिएर पस्नेकुराको सम्झना गराउँछ।

मानिसको पुत्र भन्दा पनि उहाँमा शाहीरूप देखिन्छ। उहाँले "प्रभुत्व, महिमा र राज्य पाउनुहुन्छ र सारा मानिसहरू, राष्ट्रहरू र भाषाभाषीहरूले उहाँको सेवा गर्नुपर्छ" (दानिएल ७:१४ रूपान्तरित)। "सेवा" गर्ने भन्ने क्रियापदलाई "आराधना वा उपासना वा पूजा गर्ने" भनेर पनि अनुवाद गरिन्छ। दानिएल १-७ अध्यायमा यो शब्द ९ पल्ट प्रयोग गरिएको छ (दानिएल ३:१२,१४,१७,१८,२८,६:१६,२०,७:१४,२७)। यसले ईश्वरीय तत्वलाई देखाउनुपर्ने श्रद्धा र उपासनालाई जनाउँदछ। त्यसकारण जब सानो सिंङले परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्ने प्रयास गर्दछ तब सानो सिंङको धार्मिक प्रणालीले परमेश्वरलाई दिनुपर्ने श्रदा र भक्तिलाई भ्रष्ट पारेको देखाउँछ। जब स्वर्गको अदालतमा न्यायको चित्रण हुन्छ तब त्यसले

परमेश्वरलाई दिइनुपर्ने सत्य आराधनाको पुनर्स्थापना गरेको देखाउँछ। पोपतन्त्रले स्थापना गरेको आराधना प्रणालीमा आइतबारलाई पवित्र मान्न आदेश दिइन्छ अर्थात् रोमको पोपले येशूको ठाउँ लिएझैं कसलाई स्वर्ग पठाउने वा नर्क पठाउने वा नपठाउने भन्ने धार्मिक अधिकार आफूमा भएको र आफू भगवान् नै भएको दावी गर्दछन्। तर त्यसको बिपरीत बाइबलले खुलस्तरूपमा भनेको छ, "परमेश्वर एक हुनुहुन्छ, मानिसहरू र परमेश्वरको बीचको मध्यस्थता गर्ने एकमात्र मानिस येशू ख्रीष्ट हुनुहुन्छ (१ तिमोथी २:५ रूपान्तरित)।

**येशूको जीवन र चरित्रबाट बाइबलमा हामीले जे सिक्यौं त्यसले यहाँ दिइएको न्यायको चित्रणमा उहाँले खेल्नुहुने मुख्य भूमिकाद्वारा हामीलाई कसरी सान्त्वना मिल्न सक्दछ?**

## ५. अति उच्च परमेश्वरका पवित्र जनहरू

**देहायका पदहरू अनुसार परमेश्वरका जनहरूलाई के हुनेछ? हेर्नुहोस् दानिएल ७:१८, २२, २५-२७ "१८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'।...२१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे... २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्। २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्।"**

यहाँ सर्वोच्चका पवित्र जनहरूलाई भन्दा पनि परमेश्वरका जनहरूलाई सम्बोधन गरिएको छ। त्यो सानो सिङले शक्तिको आडमा मात्तिएर तिनीहरूमाथि हमला गर्दछ। तर परमेश्वरका जनहरूले परमेश्वरको वचनमा अडिग भएर बस्ने जिकिर गर्दछन्। पोपको शासन अवधिमा तिनीहरूलाई सताइएको हुन्छ।

मूर्तिपूजा गर्ने रोमको शासनकालमा पनि ईसाइहरूलाई भयानक सतावत दिइएको थियो (यो चौथो पशु आफै पनि थियो)। तर दानिएल ७:२५मा उल्लेख गरिएको सन्तहरूलाई गरिने सतावट सानो सिङले गरेको थियो। त्यो सिङ मूर्तिपूजा गर्ने रोमी साम्राज्यको अन्तमा उदय भएको थियो। यो तथ्य बुझ्नु जरुरी छ कि, संसारको जुनसुकै राजनैतिक वा धार्मिक शक्ति किन नहोस्, परमेश्वरका जनहरू सधैंभरि सताइने छैनन्, तिनीहरूमाथि दमनको नीति सधैं लागु गरिनेछैन। यस संसारका राज्यहरूको स्थान परमेश्वरको राज्यले लिनेछ। यो अत्यन्तै घतलाग्दो विषय छ कि जब दानिएलले स्वप्नदर्शन देखे त्यसबेला मानिसको पुत्रलाई प्रभुत्व, महिमा र राज्य दिएको थियो (दानिएल ७:१४)। तर त्यसको वारेमा स्वर्गदूतले व्याख्या गर्दा परमेश्वरका पवित्र जनहरूले राज्य पाए भनिएको छ (दानिएल ७:१८ रूपान्तरित। यहाँ कुनै विवादको विषय नै छैन। किनभने मानिसको पुत्र परमेश्वर र मानवतासँग सम्बधित हुनुभएकोले उहाँको विजय ती मानिसहरूको पनि विजय हो जसको प्रतिनिधित्व उहाँले गर्नुभएको थियो।

जब येशूमाथि मुद्दा चलिरहेको थियो त्यसबेला मूल पुजारीले उहाँलाई केरकार गरेर सोधेका थिए "के तिमी परमेश्वरको पुत्र मसीह हौ?" त्यसबेला उहाँले उनलाई भजन ११०:१ र दानिएल ७:१३,१४ पदद्वारा औँल्याउनुभएको थियो। उहाँले स्पष्टरूपमा त्यस मूल पुजारीलाई यो सन्देश दिनुभएको थियो "हो म परमेश्वरको पुत्र मसीह हुँ। अब तपाईंले मानिसको पुत्र शक्तिको दाहिनेपट्टि बसेको र स्वर्गका बादलहरूबाट आइरहेको देख्नुहुनेछ" (मर्कूस १४:६२ रूपान्तरित)।अर्थात स्वर्गमा बसेको अदालतमा न्यायको आशन येशूले ग्रहण गर्नुहुनेछ। जसले हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ। जब क्रुसमा उहाँलाई टाँगेर उहाँलाई सदाको निम्ति अन्त्य गर्न खोजिएको थियो तब तेस्रो दिनमा उहाँको पुनरुत्थान हुँदा उहाँले अन्धकारका शक्तिहरूलाई जित्नुभएको कुरा प्रमाणित भएको थियो। त्यो बिजय तिनीहरूसँग पनि जोडिएको छ जो उहाँको नजिक आउँछन्। त्यसकारण यस संसारमा जे हुन्छ वा उहाँका जनहरूलाई जतिसुकै सताइएतापनि विश्वासीहरूले सधैं डर मानेर बस्नु पर्ने जरुरत छैन। प्रेरित पावल अत्यन्तै उपयुक्त र मनासिब तरिकाले भन्दछन् "३१ हामीले यसमा के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ? ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै

थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानता वा शासकहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।" रोमी ८:३१-३९।

**हजारौं वर्ष अघि घट्ना घट्नुभन्दा अघि नै दानिएलको स्वप्नदर्शनमा कोरिएको संसारको इतिहास हेर्नुहोस्। तिनीहरू कसरी पूरा भए र भइरहेका छन्। त्यस परिवेशमा परमेश्वरले भविष्यको निम्ति दिनुभएको प्रतिज्ञाहरू पनि पूरा हुनेछन् भन्ने कुरामा हामी कसरी विश्वस्त हुन सक्छौं?**

## उपसंहारः

विगतको इतिहासलाई सरसर्ति हेर्दा हामी यो पाउँछौंः रोमी साम्राज्यको पतन उत्तरबाट आएका जङ्गली वा असभ्य मानिसहरूले गरेका थिए। त्यसबेला जब तीन असभ्य जातिहरू धपाइए तब त्यसको फाइदा उठाएर रोमको बिशप वा पोपले आफूलाई रोमको शर्वशक्तिमान व्यक्तिको रूपमा स्थापना गरे। यो सन् ५३८मा भएको थियो। उनले चलाएको शासन प्रक्रियामा तिनले रोमी सम्राटको धेरै संस्थागत र राजनैतिक क्रियाकलापहरू आफ्नो हातमा लिए। युरोपको तत्कालीन इतिहासमा पोपको राजनैतिक र धार्मिक अवस्था अत्यन्तै चर्को थियो र पोपहरूकै मातहतमा अनगिन्ति इसाईहरूको ज्यादत्तिपूर्ण हत्या गरिएको थियो। तर पोपतन्त्र को अस्थायी राजनैतिक र धार्मिक शक्ति त्यसबेला अन्त्य भयो जब सन् १७९८मा फ्रान्सका शासक नेपोलियन बोनापार्टले पोपलाई उनको राजगद्दीबाट हटाए। तर त्यसले मात्र रोमको

अन्त्य गरेन तर रोमले गर्ने वा धर्मको नाउँमा पोपले परमेश्वरका जनहरूमाथी गर्ने सतावट अर्कै रूपमा फैलिन थालेको थियो। उनले आफूलाई यस संसारमा म येशूको प्रतिनिधि हुँ भनेर दावी मात्र गरेनन् उनले बाइबलको शिक्षादीक्षा बिपरीत धेरै धार्मिक शिक्षाहरू बङ्ग्याएर मानिसहरूमा लादे। बाइबलले नसिकाएको तर रोमन क्याथोलिक चर्चले सिकाएको केही धार्मिक शिक्षाहरू यस्ता थिएः स्वर्ग र नरकको बीचमा परगेटोरी छ। मानिस मरेपछि पहिला ऊ त्यस ठाउँमा पुग्छ र जसले पापलाई शुद्धीकरण गर्छ त्यो मात्र धेरै समयपछि पोपकै अनुमतिले त्यो मानिस त्यहाँबाट छुटेर स्वर्गमा जान सक्छ। (उदाहरणको लागि मदर टेरिसाको आधुनिक इतिहासलाई हामी हेर्न सक्छौं। उनको मृत्युभएपछि उनी त्यस स्थानमा पसिन् रे। अनि धेरै वर्षपछि उनका भक्तहरूको अनुरोधमा पोपले उनलाई त्यहाँबाट छुटाएर सन्त घोषणा गरि स्वर्गमा पठाए रे। अनि अब उप्रान्त उनलाई रोमन क्याथोलिक समूदायका मानिसहरूले उनलाई भगवान् वा भगवतीको रूपमा पूजा गर्छन् र आफ्ना पापहरू मोचनको निम्ति वा परमेश्वरकहाँ पुऱ्याइ माग्नको निम्ति उनीसँग प्रार्थना गर्दछन्-अनुवादकको थप जानकारी), मानिसहरू आफ्नो पापको प्रायश्चित गर्न आफूले आफैलाई अनेकौं सजाय दिने, कोर्राले हान्ने, जानाजानी कष्टदिने प्रथा, फादरहरूको सामु मौखिक रूपमा आफ्नो पापको स्वीकार गर्नुपर्ने वाध्यता र हप्ताको सातौं दिन शनिबारलाई परिवर्तन गरि आइतबारलाई पवित्र दिन हो भनेर इसाईहरूलाई मान्न लगाउने वाध्यता यी सवै पोपतन्त्रको ज्वलन्त अवशेषहरू हुन्।र यी सवै कुरा दानिएलको भविष्यवाणीमा उल्लेख गरिए अनुसार नै पोपले बाइबलमा दिइएको समय र व्यवस्थाहरूलाई परिवर्तन गर्ने आँट गरेका थिए।

"मानिस आफ्नै शक्तिले शत्रुले लगाएका आरोपहरूको खण्डन गर्न सक्दैन। ऊ पापले मुछिएको वस्त्र लगाएर आफ्नो पापको स्वीकार गर्दै परमेश्वरको सामु खडा हुनेछ। तर विश्वासद्वारा जसले पश्चाताप गरि आफ्नो प्राण येशूलाई सुम्पिन्छ उसको निम्ति उहाँले अधिवक्ता भएर परमेश्वरको सामु हाम्रो मामिला पेश गर्नुहुनेछ। तिनीहरूलाई क्षमा दिन उहाँले निबेदन वा बिन्ती चढाउनुहुन्छ। तिनीहरूको बचाउ गर्नको निम्ति उहाँले पैरवी वा वकालत गर्नुहुनेछ। क्रुसमा आफूले ज्यान दिएको कारण सन्त वा उहाँलाई विश्वास गर्नेहरूलाई आरोप लगाउने शैतान हारिसकेको छ भनेर उहाँ जिकिर गर्नुहुन्छ। परमेश्वरको व्यवस्थालाई परिपक्व र सिद्धरूपले पालना गरेको

कारण स्वर्ग र पृथ्वीका सबै शक्ति उहाँलाई सुम्पिएको छ। अनि दोषी मानिसहरूलाई आफूसँग मिल्न र आफ्नै पिताबाट येशूले पाउनुभएको अधिकार प्रयोग गर्न उहाँ आग्रह गर्नुहुन्छ। आफ्ना जनहरूलाई दोष दिने वा आरोप लगाउनेलाई उहाँ यस्तो घोषणा गर्नुहुन्छः 'ओ, शैतान, परमेश्वरले तलाईं हप्काओस्। यी मानिसहरू मेरा रगतले किनिएका छन्। जलिरहेको आगोबाट निकालिएका यिनीहरू अगुल्टा हुन्।' जुन मानिसहरू विश्वास तथा आस्थाद्वारा उहाँमाथि भर पर्छन् उहाँले तिनीहरूलाई यसरी विश्वस्त तुल्याउनुहुन्छ, "हेर, तिमीहरूको पाप तिमीहरूबाट पखालिएको छ। तिमीहरूलाई म नयाँ वस्त्र पहिऱ्याइ दिनेछु' जकरिया ३:४।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ५८६,५८७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **बाँकीरहेको चौथो पशु वा रोमबाट उम्रिएको सानो सिंङको शक्तिको चरित्रहरू फेरि हेर्नुहोस्। धेरै शताब्दीपछि मूर्तिपूजा गर्ने रोममा कुन शक्तिको उदय भयो जसले परमेश्वरका जनहरूलाई सतावट मात्र दिएन तर आजपनि त्यसको शक्तिले लोकप्रियता पाइरहेको छ। कतिपय इसाईहरू त्यो सानो सिङ भनेको ग्रीकका राजा हुन् भनेर दावी गर्छन् जो इतिहासको पानाबाट येशू आउनुभन्दा अघि एकसय पचास वर्ष अघि नै बिलाइसकेका थिए।त्यसकारण सानो सिङ यथार्थमा को रहेछ भनेर त्यसको चरित्र वा चर्तिकलाहरूलाई हामीले देखिसकेको सन्दर्भमा हामी फेरिपनि भ्रममा पर्नुहुन्न। त्यो सानो सिङ भविष्यमा आउने कुनै शक्ति हो कि भन्ने बहकाऊमा नलाग्न उसले गरिरहेको अधिकार वा मच्चाइरहेको धार्मिक क्रियाकलापले रोमको पोप नै हो भन्ने कुरामा हामी स्पष्ट हुन किन जरूरी छ?**

## कथा ८

## इजिप्ट अर्थात् मिश्रदेशमा अलौकिक तथा आश्चर्यपूर्ण काम

आन्द्र्यु मेकचस्नी

एउटा योजना एकदमै ठिक र उचित देखिन्थ्योः इजिप्टको राजधानी कायरोमा भएको पुरानो भत्किन लागेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई जागरुक सामुदायिक भवनमा परिवर्तन गर्ने। तर निर्माणकर्ताहरूले कायरोको त्यो मुख्य चर्चको पुननिर्माण गर्न अस्वीकार गरे। एक जना ठूलो निर्माणकर्ताको इन्जिनियरले भने, "त्यस पुरातात्विक महत्त्वको भवनलाई पुननिर्माण गर्न तपाईंहरूले अनुमति पाउन असम्भव छ।"

तर चर्चका अगुवाहरू मिलेर प्रार्थना गरे र विश्वाससाथ त्यस चर्चलाई सामुदायिक भवन बनाउने निर्णय गरे। तिनीहरूले अर्को एउटा निर्माणकर्ता कम्पनीसँग सम्पर्क गरे। त्यो चर्च भवनको पुननिर्माण गर्न अनुमति पाउन के गर्नुपर्छ भनेर तिनीहरूले सोधे। त्यस कम्पनीका वरिष्ठ इन्जिनियरले जवाफ दिए, "यो सत्य हो कि त्यस चर्चको पुननिर्माण गर्न अनुमति पाउन मुश्किल छ। तर एकदेखि तीन महिनाभित्र अनुमति लिन हामी प्रयास गर्नेछौं। एक महिनापछि त्यस इन्जिनियरले चर्चका पदाधिकारीहरूलाई खबर दिए कि चर्चको पुननिर्माणको निम्ति अनुमति पाइयो भनेर। त्यति छिटो अनुमति पाएकोमा आक्राम खान छक्क परे। उनी एडभेन्टिस्ट चर्चको इजिप्ट-सुडान फिल्डका खजाञ्ची थिए। उनले अन्तर्वार्तामा भने, "त्यस भवनलाई केही गर्ने परमेश्वरको योजना रहेछ भन्ने त्यो पहिलो सङ्केत थियो।"

अनि चर्चको पुननिर्माणको काम भइरहेको बेलामा अरू अचम्मका कामहरू पनि द्रुतगतिमै भए। एक वर्षभित्र चर्चको पुननिर्माण सम्पन्न भयो र यसलाई रामसेस अल्चरल सेन्टर नाउँ दिएर सन् २०१८मा उद्घाटन गरियो भनेर चर्चका अगुवाहरूले भने। विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड विलसनले उक्त चारतले भवनको पुनअर्पण गरे। चर्चको मुख्य काम नै ठूला सहरहरूमा मानिसहरूलाई सहयोग गर्ने हो भनेर उनले सम्झाए। "झण्डै दुई करोड जनसंख्या भएओको कायरो सहरका मानिसहरूको हृदय फाटेको छ। धेरै दुष्ट क्रियाकलापहरूले मानिसहरूलाई बन्धनमा पारेको छ। आफ्नै मानिसहरूको घटि कमिप्रति पनि मानिसहरू अन्धा छन्। मानिसहरू आत्मिकरूपमा भोका छन। त्यसैकारण रामसेस कल्चरल सेन्टरको स्थापना

भएको हो" भनेर विलसनले सेन्टर चर्चको पुननिर्माण गरिएको सभाघरमा सम्बोधन गरे।

उक्त सेन्टर चर्च एक पटक ७५० जना मानिसहरू अट्ने मेचहरूले भरिएको थियो। अहिले त्यहाँ एउटा कुनाको कोठामा २८० जनामात्र अट्ने मेचहरू छन्। पुननिर्माण भएको भवनमा पूर्वप्राथमिक स्कूल, दाँतको क्लिनिक, व्यायाम सेन्टर, मसाज कोठा, खानाका परिकार वनाउन सिकाउने भान्सा कोठा र सातवटा कक्षा कोठाहरू छन् जहाँ स्वस्थ्य हुने तरिकाहरू सिकाइन्छ र अङ्ग्रेजी कक्षाहरू पनिःसंचालन हुन्छ।

कायरोको एडभेन्टिस्ट चर्चमा २०० सदस्यहरू छन् र इजिप्टभरि ८०० जना एडभेन्टिस्ट विश्वासीहरू छन्। यो देश अफ्रिका महादेशमा पर्छ। यसको जनसंख्या झण्डै दस करोड छ।

जुन द्रुतगतिमा रामसेस कल्चरल सेन्टरको स्थापना भयो त्यसको निम्ति विलसन र चर्चका अरु अगुवाहरूले परमेश्वरलाई धन्यवाद दिएका थिए। त्यो चर्चको पुननिर्माण गर्न चाहिने अनुमति पनि अचम्मै तरिकाले प्राप्त भएको थियो। तर अचम्मको काम त्यतिकैमा अन्त्य भएन। " यस भवनमा हामी जे जे गरिरहेका छौँ त्यसलाई पनि अचम्म नै मान्नुपर्छ" इजिप्टमा आठवर्षसम्म सेवा गर्ने पाकिस्तानी मूलका खानले यी लेखकलाई बताए।